# ७ दश आज्ञा वा व्यवस्थाको अन्तिम लक्ष्य येशू ख्रीष्ट

*<u>यस अध्यायका मूल पदहरू:</u>* रोमी ५:१२-२१, रोमी ६:१५-२३, रोमी ७:१३-२५, रोमी ९:३०-रोमी १०:४, गलाती ३:३९-२४।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"विश्वास गर्ने वा येशूमा आस्था राख्ने प्रत्येक व्यक्ति धर्मी होस् भनेर नै व्यवस्था वा दश आज्ञाको इतिश्री येशू हुनुभएको हो।"** (रोमी १०:४ रूपान्तरित)।

**एउटा प्रख्यात पत्रिकामा एक पाना भरेर नै यस्तो शिर्षक भएको विज्ञापन छापेको थियो: "अजम्मरी जीवन पाउनु होस्! (हामीले ठट्टा गरेको होइन)।"** यथार्थमा त्यस विज्ञापन आफै पनि ठट्यौली थियो। किनभने त्यस विज्ञापनको बाँकी अंश यस्तो थियो "तपाईंको नाउँ इतिहासमा अमर बनाउन सक्नुहुन्छ। कसरी? तपाईंको नाउँमा दान वा उपहार दिनुहोस्। त्यस दानले तपाईंको नाउँ सदासर्वदा रहिरहनेछ। यस सम्बन्धी थप जानकारीको निम्ति पुस्तक चाहेमा हामीसँग सम्पर्क गर्नुहोला। त्यो पुस्तक सित्तैंमा उपलब्ध गराइनेछ।"

मृत्यु के हो र मृत्युले हाम्रो अर्थपूर्ण जीवनमा कस्तो असर पार्छ भन्ने तर्कले वर्तमान र विगतका लेखकहरू, चिन्तकहरू, दार्शनिकहरू र धार्मिक अगुवाहरूलाई पिरोली रहेका थिए र छन् पनि। त्यसकारण यस संसारमा रहेका मानिसहरूलाई तिनीहरूको सिमित समयलाई कसरी अर्थमूलक बनाउने भनेर सहायता गर्न उपरोक्त विज्ञापनको चतुऱ्याई थियो।

तर अजम्मरी जीवन प्राप्त गर्न एउटैमात्र उपाय छ भनेर नयाँ करारभरी हामीलाई औंल्याइएको छ। धर्मकर्म वा दश आज्ञालाई विधिपूर्वक पालन गरेर हामीहरू ज्ञानी हुनसक्दैनौं र साथै अनन्त जीवन पाउन सक्दैनौं तर येशूमा विश्वास गरेर उहाँमा निष्ठावान भएर बसेमात्र अजम्मरी जीवन हामी पाउन सक्छौं भनेर बाइबलले दावी गर्दछ। तैपनि येशूलाई विश्वास गरेर उहाँबाट शक्ति पाएर उहाँका आज्ञाहरूलाई शिरोपर गर्नचाहिँ अपेक्षा गरिएको छ। परमेश्वरप्रति बफादार भएर उहाँको व्यवस्थामा चल्नु भनेको अनुग्रहको विपरित होइन। बरू

परमेश्वरको अनुग्रह पाएर नै बलबान हुँदै उहाँका आज्ञा वा व्यवस्थाको हामी पालन गर्दछौं।

दश आज्ञा वा व्यवस्था र अनुग्रहको बीचमा कस्तो तालमेल छ भनेर हामी यस अध्यायमा अध्ययन गर्नेछौं।

## १. जब पाप प्रशस्त भयो (रोमी ५:१२-२१)

हामीहरूका पाप र अधर्महरूलाई दश आज्ञा वा व्यवस्थाले औंल्याउँछ। (यदि दश आज्ञाको नीति मानव हृदयमा गाभिएन भने पापको परिभाषा अपूर्ण हुन्छ किनभने मानिस पापी हो भनेर भण्डाफोर गर्ने तत्व नै दश आज्ञा हो)। तर परमेश्वरको व्यवस्था वा दश आज्ञाले मानिसलाई उद्धार गर्ने वा मुक्ति दिने साधन होइन। तर हामीलाई मुक्ति दिने बलविहिन दश आज्ञा वा व्यवस्थाले हामीलाई येशूको आवश्यकतालाई औंल्याउँछ। हामी पापी छौं भनेर व्यवस्थाले देखाउँछ भने त्यसबाट कसरी चोखिने भन्दा येशूले नै चोख्याउँछ भनेर हामीले विश्वास गर्नुपर्छ। पापको जवाफ दश आज्ञामा होइन तर येशूमा छ।

**परमेश्वरको अनुग्रहलाई पावलले वाख्या गरेका छन्। त्यो कसरी भन्दा रोमी ५:१२-२१मा यसरी गरिएको छः “ १२ एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो। १३ व्यवस्था दिइन अघि पनि संसारमा पाप थियो, तर जहाँ व्यवस्था छैन, त्यहाँ पापको लेखा पनि हुँदैन। १४ आदमदेखि लिएर मोशासम्मका मानिसहरूमाथि मृत्युले राज्य गर्‍यो, तिनीहरूमाथि पनि जसले आदमले गरेजस्तो अपराध गरेका थिएनन्। ती आदमचाहिँ आउनुहुनेको प्रतिरूप थिए। १५ सित्तैंको वरदान र त्यस अपराधमा केही समानता छैन। किनकि एक जना मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन् बढ़ी परमेश्वरको अनुग्रह र एक जना मानिसको, अर्थात् येशू ख्रीष्टद्वारा आएको सित्तैंको वरदान धेरैका निम्ति प्रशस्त भयो। १६ सित्तैंको वरदानचाहिँ त्यस एक जना मानिसको पापको नतीजाजस्तै होइन। किनकि एउटा अपराधको इन्साफले दण्डको आज्ञा ल्यायो, तर धेरै अपराधका पछि आउने सित्तैंको वरदानले निर्दोषीकरण ल्याउँछ। १७ यदि एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्वारा मृत्युले राज्य गर्‍यो भनेता झन् बढ़ी प्रशस्त अनुग्रह र**

**धार्मिकताका सित्तैंको वरदान पाउनेहरूले एउटै मानिस येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन्। १८ यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागीदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहराएर जीवन ल्याउँछ। १९ किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना धार्मिक बनाइनेछन्। २० व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ्यो अनुग्रह झन् बढ़ी मात्रामा बढ्यो, २१ यस हेतुले कि जसरी पापले मृत्युमा राज्य गर्‍यो, त्यसै गरी येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा अनुग्रहले धर्मी ठहराएर अनन्त जीवनसम्म राज्य गरोस्।**

मृत्यु र पापको बीचमा के सम्बन्ध छ भनेर उपरोक्त पदहरूले देखाएका ज्ञानलाई सोचेर पढ्नुहोस्। बारम्बार पाप र मृत्युको बीचमा एक आपसी  घनिष्ठ सम्बन्धलाई ती पदहरूले देखाउँछन्। परमेश्वरको व्यवस्था वा दश आज्ञालाई भङ्ग गर्दा वा नमान्दा मानिस पापी भएको ठहर्छ र त्यसको नतिजाले अनन्त मृत्युतिर डोर्‍याउँछ।

फेरि रोमी ५:२० अब पढ्नुहोस्। जब व्यवस्था वा दश आज्ञाको प्रवेश भयो तब पापको ज्यादतीलाई त्यसले देखाइदियो। व्यवस्थाले पापलाई छर्लङ्ग देखाउने भएकोले नै पापको असली रूप थाहा हुन आउँछ। मृत्यु पापको स्वभाविक नतिजा हो। तर पावलले यो भन्दछन्: “जहाँ पापको ज्यादती बढ्यो त्यहाँ परमेश्वरको अनुग्रह पनि झन बढियो।" (रूपान्तरित)। त्यसको अर्थ यो हो, पाप जतिसुकै खराब भएतापनि विश्वासद्वारा परमेश्वरका प्रतिज्ञाहरूलाई दावी गर्नेहरूलाई उहाँको प्रशस्त अनुग्रहले ढाकिदिन्छ। मानिसलाई मोक्ष दिन परमेश्वरको प्रचुर अनुग्रह नै यथेष्ठ छ।

“पाप भनेको परमेश्वरको व्यवस्थालाई तोड्नु हो।" भनेर १ यूहन्ना ३:४मा परिभाषित गरेको छ। तर व्यवस्था भन्दा कतिपयले केवल दश आज्ञालाई मात्र औंल्याउँछन्। व्यवस्था भन्दा दश आज्ञालाई मात्र यूहन्नाले औंल्याइरहेको नभएर जो कोही विधिको शासनमा चल्दैन त्यो पापी हो भनेर ठान्नु पर्दछ। यसलाई ग्रीक भाषमा “आनोमिया (ANOMIA)" भन्दछ। परमेश्वरको व्यवस्थाको नीतिमा चलन नचाहने वा विधिको शासनमा चलन नचाहने जुनसुकै तत्व पनि पाप हो। मनाही

गरिएको फल खानुभन्दा पहिले दश आज्ञाहरू आदम र हवालाई औपचारिक रूपमा दिइएको थिएन। त्यसकारण तिनीहरूलाई दश आज्ञा के हो भन्ने थाहा थिएन। तर आदम परमेश्वरको केवल एउटा निर्देशनमात्र उलङ्घन गरे (उत्पत्ति २:१७)। तर त्यसको परिणाम आदम पापको दोषी भए। आदमको पापले गर्दा मृत्युको श्राप यस संसारमा सारा प्राणीले पुस्तौं पुस्तासम्म भोग्नुपऱ्यो (रोमी ५:१७,२१)।

आदम परमेश्वरप्रति निष्ठावान भएन। तर येशूले परमेश्वरको व्यवस्थाप्रति निष्ठावान हुनुभएको थियो। मानवरूपी येशूले परमेश्वरको व्यवस्थालाई नतोड्नुभएकोले नै उहाँद्वारा अनन्त जीवनको आशा पल्हाएको थियो। येशूलाई अनेक किसिमको प्रलोभनमा फसाउन खोजेको थियो तर उहाँ पापको षडषन्त्रमा कहिले पनि पर्नु भएन (हिब्रु ५:१८-२१)। यहाँ रोमीको पुस्तकमा पावलले येशूको सिद्ध आज्ञाकारितालाई मुक्तकंठले प्रशंसा गर्दछन्। परमेश्वरको विधिको शासनमा येशू रहनु हुँदा सिद्ध र धर्मी ठहर्नुभयो जसले गर्दा उहाँलाई विश्वास गर्नेहरूले त्यस धार्मिकताको उपभोग गर्न अवसर पाएको छ । त्यसको अर्थ येशूलाई ग्रहण गर्नेहरू र उहाँप्रति निष्ठावान हुनेहरूलाई अनन्त जीवनको वरदान उपलब्ध गराइएको छ (रोमी ५:१८-२१)। दोश्रो आदम येशू हुनुभएको थियो। उहाँले परमेश्वरको व्यवस्थालाई विधिपूर्वक सिद्धरूपमा पालन गर्नुभएकोले नै पापको श्रापलाई उहाँले तोड्नुभएको थियो। येशूको धार्मिकता प्रत्येक विश्वासीको हुनसक्छ। अब विश्वासी पहिलो आदमबाट सारा मानिसहरूमा पाप सरिएको हुनाले सबै मानिस मृत्युको फैसलामा परेको छ। तर दोस्रो आदम, येशूको धार्मिक जीवन वा उहाँको धार्मिकतालाई सहस्र हृदयले ग्रहण गर्ने जो कोही पनि अनन्त जीवनको उपहार पाउन योग्य ठहरिएको छ।

## २. दश आज्ञा वा व्यवस्था र अनुग्रह (रोमी ६:१५-२३)

मानिस दश आज्ञा वा परमेश्वरको व्यवस्थालाई पालन गरेर होइन तर अनुग्रहले मुक्ति पाउँछ भनेर निश्चित भएतापनि दश आज्ञाको अपरिहार्यता इसाईहरूले बुझ्न त्यस्तो सजिलो भएको देखिन्दैन। अनुग्रहले मोक्ष पाउने भएकोले दश आज्ञालाई पालन गर्नु आवश्यकता छैन भनेर कतिपय इसाईहरूले दावी गर्दछन्। येशूलाई विश्वास गरेर

विश्वासीहरू धर्मी ठहर्छ भने परमेश्वरको व्यवस्था वा दश आज्ञा पालन गर्नुको औचित्य छैन भनेर इसाईहरूले नै सिकाउँदछन्। यस्तो धारणाले अर्को मूल विषयलाई औंल्याउन अवसर दिंदछः व्यवस्था वा दश आज्ञाले हामी मुक्ति पाओस् भन्ने परमेश्वरले कहिल्यै पनि योजना बनाउनु भएको थिएन। तर परमेश्वरको विधिको शासनमा रहन वा दश आज्ञा पालन गर्ने आवश्यक नीतिलाई क्रुसले हटाउँदैन। जसरी कोही मानिस सवारी नियम उलङ्घन गरेर रफ्तारमा गाडी हाँक्दा उसलाई क्षमा दिइएतापनि त्यस नियमलाई लत्याइरहन त्यसलाई अधिकार दिइएको हुँदैन।

अनुग्रहले भरपूर भएर जीउनुको अर्थ पावलले कसरी खोलाएका छन् भनेर देहायका पदहरू पढ्नुहोस्ः रोमी ६:११-२३ "यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ। १२ यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ। १३ आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर। तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर। १४ किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ। १५ अब के त? के हामी व्यवस्थाको अधीनमा छैनौं, तर अनुग्रहको अधीनमा छौं भनेर पाप गर्ने त? कदापि होइन। १६ के तिमीहरू जान्दैनौ, आज्ञाकारी कमाराको रूपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौं, त्यसको कमारा पनि हुन्छौ? कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताको? १७ तर परमेश्वरलाई धन्यवाद होस्, कि तिमीहरू, जो एक पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको नमूनामा तिमीहरू सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ। १८ तिमीहरू पापबाट मुक्त गराइएर धार्मिकताका कमारा बनेका छौ। १९ तिमीहरूमा रहेको मानवीय कमजोरीको कारणले म तिमीहरूले बुझ्न सकिने भाषामा बोलिरहेको छु। किनकि जसरी तिमीहरूले एक पल्ट आफ्ना अङ्गहरूलाई अशुद्धता र झन्-झन् बढ़ी अपराधका निम्ति समर्पण

गर्‍यौ, अब त्यसरी नै पवित्रकरणको निम्ति आफ्ना अङ्गहरूलाई धार्मिकताको निम्ति समर्पण गर। २० तिमीहरू पापका कमारा भएको बेलामा चाहिँ धार्मिकताको लेखि स्वतन्त्र थियौ। २१ अब जुन कुराहरूमा तिमीहरू अहिले शर्माउँछौ, सो कुराहरूबाट तिमीहरूले के प्रतिफल पायौ? ती कुराहरूको अन्त्यचाहिँ मृत्यु हो। २२ तर अब तिमीहरू पापबाट मुक्त भई परमेश्वरका कमारा भएका छौ, अनि तिमीहरूले पाउने प्रतिफलचाहिँ पवित्रकरण हो, र त्यसको अन्त्यचाहिँ, अनन्त जीवन। २३ किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।"

**अनुग्रह र व्यवस्था वा दश आज्ञा एक आपसमा बाझिँन्दैन।** तिनीहरू एक आपसमा हटाइन्दैन पनि। बरू, तिनीहरू शक्तिशाली रूपमा एक आपससँग सम्बन्ध राखिएको हुन्छ। निश्चय छ कि दश आज्ञा वा व्यवस्था आफैले हामीलाई मुक्ति दिन सक्दैन। तर हामीलाई परमेश्वरको अनुग्रहको आवश्यकता किन छ भनेर देखाउन सक्दछ। अनुग्रह परमेश्वरको व्यवस्थाको विरोधमा छैन तर मृत्युको विरोधमाचाहिँ छ। हामीहरूको समस्या भनेको परमेश्वरको व्यवस्था आफै होइन बरू त्यसलाई भङ्ग गर्दा वा त्यसलाई आत्मसात् नगर्दा पाउने अनन्त मृत्यु हो।

अनुग्रहको वरदानलाई प्रयोग गरेर पाप गर्ने बहानामा नफस्नु भनेर पावलले इसाईहरूलाई सचेत गराउँदछन् (रोमी ६:१२,१५)। अनुग्रहलाई होशियारसाथ बुझ्नु पर्छ भन्ने उनको भनाइ हो। पापको परिभाषा परमेश्वरको व्यवस्था वा दश आज्ञाले दिँदछ। त्यसकारण पाप नगर्नु भनेर इसाई हुँ भनेर दावी गर्नेहरूलाई पावलले निर्देशन दिँदछ। त्यसको अर्थ स्पष्टरूपमा पावलको आवाज छः परमेश्वरको व्यवस्थालाई पालन गर। विधिको शासनमा चल। उहाँका दश आज्ञाहरूलाई शिरोपर गर।

"पावलले परमेश्वरको व्यवस्थालाई जहिले पनि सम्मान गर्थे। अनाज्ञाकारिताले ल्याउने दण्डबाट मानिसहरूलाई उद्धार गर्न दश आज्ञा वा व्यवस्था आफैमा शक्ति छैन भनेर पावलले देखाएका छन्। गलत काम गर्नेहरूले आफ्ना पापहरूको पश्चाताप गर्नुपर्छ। परमेश्वरको व्यवस्था भङ्ग गर्नेहरूले उहाँको सामु नम्र भएर आफ्नो पापको स्वीकार

गर्नुपर्छ। र केवल ख्रीष्टको रगतमा मात्रै आस्था राखेर पापको क्षमाको उपभोग गर्न सकिन्छ भनेर तिनीहरूमा आत्मज्ञान हुनुपर्दछ।"-एलेन जी ह्वाइट, द आक्टस् अभ एपोस्टल्स, पृ. ३९३बाट रूपान्तरित।

**परमेश्वरका आज्ञाहरूलाई पालन गरेर मुक्ति नपाउने भएकोले त्यसको औचित्य छैन भन्ने कतिपय इसाई भनाउँदाहरूकै षडयन्त्रमा पर्न कसरी सजिलो हुनसक्छ?**

## ३. धिक्कार म कस्तो अभागी मानिस! (रोमी ७:२१-२५)

**पावलले रोमी ७:७-२५मा मानव स्वभावको अत्यन्त दयनीय र मार्मिक भावुकता व्यक्त गर्दछन्। ती पदहरूमा भएका उनको भावनालाई हामीले कसरी बुझ्ने? के पावलले येशूलाई ग्रहण गर्नुभन्दा पहिले उहाँलाई विश्वास नगर्ने मानिसको चित्रण गरिरहेको छ कि? वा येशूलाई ग्रहण गर्ने मानिसको अनुभव उनले व्यक्त गरिरहेकाछन्? त्यसको जवाफ हामीले कसरी दिने?** हेर्नुहोस् "७ हामीले के भन्ने त? व्यवस्था पाप हो? कदापि होइन! यदि व्यवस्था नभए मैले पाप थाहा पाउनेथिइनँ, किनकि "तैंले लोभ नगर्" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउनेथिइनँ। ८ तर पापले आज्ञामा मौका पाएर ममा सबै किसिमका लोभ उत्पन्न गरायो। व्यवस्थाविना त पाप मुर्दातुल्य हो। ९ व्यवस्थाविना रहँदा एक पल्ट म जीवित थिएँ, तर आज्ञा आएपछि पाप जागिउठ्यो, र मचाहिँ मरें। १० जीवनको प्रतिज्ञा दिने त्यही आज्ञाले मेरो निम्ति मृत्यु ल्यायो। ११ किनकि पापले आज्ञाद्वारा मौका पाएर मलाई छल्यो, र त्यसैद्वारा मलाई मार्‍यो। १२ व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ। १३ त के जो असल छ, त्यसले मेरो निम्ति मृत्यु ल्यायो त? कदापि होइन! तर पापचाहिँ पापैको रूपमा देखिओस् भनेर असल कुराद्वारा पापले ममा मृत्यु उत्पन्न गराइरहेछ, ताकि आज्ञाद्वारा पाप सम्पूर्ण रूपले पापमय बनोस्। १४ किनकि हामी जान्दछौं कि व्यवस्था आत्मिक हो, तर मचाहिँ शारीरिक छु, र पापैमा बेचिएको छु। १५ म के गर्दछु, त्यो बुझ्दिनँ। किनकि म जे चाहन्छु, त्यो गर्दिनँ। तर त्यही गर्दछु, जो म घृणा गर्दछु। १६ गर्न नचाहेको म गर्दछु भने, व्यवस्था असल छ भनी म सहमत हुन्छु। १७ यसैले अब त्यो गर्ने म होइनँ, तर ममा वास गर्ने पाप हो। १८ किनकि मलाई थाहा

**छ, कि ममा, अर्थात् मेरो पापमय स्वभावमा केही असल कुराले वास गर्दैन। जे असल छ, त्यो गर्ने इच्छा ममा छ, तर म त्यो पूरा गर्न सक्दिनँ। १९ किनभने असल काम जो म गर्न चाहन्छु, त्यो म गर्दिनँ, तर दुष्ट काम, जो म गर्न चाहन्नँ, त्यही म गर्ने गर्छु। २० अब म जो इच्छा गर्दिनँ, त्यही गर्छु भने त्यो गर्ने म होइनँ, तर मभित्र वास गर्ने पाप हो। २१ यसरी एउटा नियमले काम गरेको म पाउँछु। जब म भलो गर्न चाहन्छु, तब दुष्टतालाई मेरो नजिकै उपस्थित पाउँछु। २२ किनकि म मेरो अन्तस्करणमा परमेश्वरको व्यवस्थामा आनन्दित हुन्छु, २३ तर मेरा अङ्गहरूमा अर्को नियमले मेरो मनमा रहेको नियमसँग युद्ध गर्दछु, र मेरा अङ्गहरूमा वास गर्ने पापको नियमले मलाई बन्धनमा पार्दछ। २४ हाय, म कस्तो दुःखी मानिस! यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला? २५ येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा नै- परमेश्वरलाई धन्यवाद होस्। त्यसैले म स्वयम् आफ्नो मनले त परमेश्वरका व्यवस्थाको सेवा गर्दछु, तर मेरो पापमय स्वभावद्वारा चाहिँ म पापका व्यवस्थाको सेवा गर्दछु।"**

पावलले यहाँ के भावनाहरू व्यक्ति गरिरहेका छन् त्यो बुझ्न कठिन छ भनेर तपाईंले सोच्नुहुन्छ भने याद गर्नुहोस्, यस मामिलामा तपाईं एक्लै छैन। बाइबलका चिन्तक वा विद्वानहरूले पनि ती भावनाहरूलाई बुझ्न सयौं वर्षदेखि सङ्घर्ष गरिरहेका छन्। परमेश्वरको व्यवस्थाप्रति अति आनन्दित हुने मानिसको बारेमा यहाँ चर्चा गरिरहेको छ (येशूलाई विश्वास नगर्नेहरूको बारेमा चर्चा गरिएको देखिन्दैन, देखिन्छ त?)। तै पनि त्यस मानिसको बारेमा चर्चा गरिरहेको पाउँछौं जो पापको दासत्वमा परिरहेको छ (यो इसाईहरूलाई भनिरहेको पनि देखिन्दैन किनभने येशूलाई विश्वास गर्नेहरूलाई पापमाथि रजाईं गर्न प्रतिज्ञा दिइएको छ)। एसडिए बाइबल कमेन्टरी वा मिमांसाले यसरी टिप्पणी गर्दछः "व्यवस्था र सुसमाचारसँग सम्बन्ध गाँस्दै त्यस मानिसको बारेमा पावलले चर्चा गरिरहेका छन् जो पापसँग सङ्घर्ष गर्नु कस्तो कठिन रहेछ भनेर आत्मज्ञान पाएको मानिस हो। पावलको सन्देश छः "पापसँग सङ्घर्ष गर्नु कस्तो कठिन छ भनेर परमेश्वरको व्यवस्था वा दश आज्ञाले चित्रण गर्दछ भने केवल येशू ख्रीष्टको सुसमाचारले मात्र मानिसलाई पापबाट राहत मिल्दछ र ऊ विजयी

जीवन बिताउन सक्षम् हुन सक्छ।"-एसडिए बाइबल कमेन्टरी, ठेली ६, पृ. ५५४बाट रूपान्तरित।

ती पदहरूले जे वाख्या गर्न खोजेतापनि जो मानिस पापसँग सङ्घर्ष गरिरहेको हुन्छ त्यो मानिसलाई कुन् ठीक कुन् बेठीक भनेर चुन्ने आत्मनिर्णयको अधिकार दिइएको छ भनेर हामीले बुझ्न आवश्यक छ। यदि यसमा सत्य छैन भने पापमाथि विजय पाउने परमेश्वरका अनेकन् कबुलहरूको औचित्य हुँदैन। ती प्रतिज्ञाहरूको कुनै अर्थ पनि हुँदैन। पाप गर्न सोच्ने मानिसले पनि परमेश्वरको व्यवस्थालाई तोडेको हुन्छ। यस्तो खालको मनस्थितिले मानिसलाई धेरै फसादमा पार्दछ। तर रोमी ७ले वाख्या गर्दछ, मानिस निरीह वा असहायमा परिरहन सक्छ तर ऊ निराशमा रहन बाध्य छैन। जो मानिस परमेश्वरको आत्माको अगुवाईमा चलिरहन्छ त्यसको निम्ति परमेश्वरको व्यवस्था वा दश आज्ञा यस्तो धरोहरको रूपमा उभिरहेको हुन्छ कि उसले येशू ख्रीष्टलाई विश्वास गर्दा पापको दोषबाट स्वतन्त्र भएको अनुभूतिलाई सम्झना गराइरहन्छ (रोमी ७:२४-८:२)।

**माथिका पदहरू फेरि पढ्नुहोस्। परमेश्वरसँग तपाईंको अनुभव कस्तो भइरहेको छ भनेर तिनीहरूले बताउँछन्? पापसँग तपाईं सङ्घर्ष गरिनै रहनुभएको होला, यद्यपि पावलले कोरिहेका आशालाई तपाईंले कसरी अनुभव गर्न सक्नुहुन्छ?**

## ४. व्यवस्था वा परमेश्वरको दश आज्ञाको लक्ष्य वा इतिश्री (रोमी ९:३०१०:४)

यस अध्यायको शिर्षक रोमी १०:४बाट लिएको छ। त्यसमा भनिएको छ "व्यवस्थाको अन्त्य वा लक्ष्य वा इतिश्री ख्रीष्ट हुनुहुन्छ।"(रूपान्तरित)। दश आज्ञाको बारेमा धेरै इसाईहरूले नै नकारात्मक शिक्षाहरू सिकाइरहेका छन्। उपरोक्त पदलाई ती मानिसहरूले स्वःत यसरी वाख्या गर्दछन् "ख्रीष्टले व्यवस्थालाई निकम्मा वा पुरानो बेचलतीको तुल्याउनुभयो।" तर रोमीको पुस्तक र अरू नयाँ करारका पुस्तकहरूमा अनुमोदन गरिरहेको व्यवस्था असल छ र कायमै छ भनिरहेको विद्यासँग त्यस्तो शिक्षा वा धारणासँग असहमत जनाउँछ।

येशूले दिनुहुने मुक्ति विश्वासद्वारा हामी पाउँछौं भनेतापनि त्यसले परमेश्वरको व्यवस्थालाई निकम्मा तुल्याउँदैन भनेर पावलले देहायका पदहरूले कसरी बताउँछन्? रोमी ९:३०१०:४ "अब हामी के भनौं ? धार्मिकताको पछि नलाग्ने अन्यजातिहरूले धार्मिकता प्राप्त गरेका छन्, अर्थात् विश्वासद्वारा पाइने धार्मिकता। ३१ तर व्यवस्थामाथि आधारित भएको धार्मिकताको पछि लाग्ने त्यस इस्राएलले त्यो व्यवस्था पूरा गर्न सकेन। ३२ किन सकेन ? किनकि धार्मिकता कर्महरूमाथि आधारित छ भन्ठानेर तिनीहरूले विश्वासद्वारा धार्मिकता खोजेनन्। तिनीहरू ठेस लाग्ने ढुङ्गामा ठक्कर खाएर लड़ेका छन्। ३३ जस्तो लेखिएको छ, हेर, म सियोनमा एउटा ढुङ्गा राख्तछु, जसमा मानिसहरूलाई ठेस लाग्छ, एउटा चट्टान, जसले तिनीहरूलाई लड़ाउँछ, तर उहाँमा भरोसा राख्ने कोही शर्ममा पारिनेछैन।" रोमी १०:१४ "१ भाइ हो, मेरो आफ्नो हृदयको इच्छा र तिनीहरूका निम्ति परमेश्वरमा मेरो प्रार्थना यही छ, कि तिनीहरूले उद्धार पाऊन्। २ म यो गवाही दिन्छु कि परमेश्वरप्रति तिनीहरूको जोश त छ, तर यो जोश ज्ञानअनुसार छैन। ३ किनभने परमेश्वरबाट आउने धार्मिकताको विषयमा नजानेर तिनीहरूको आफ्नै धार्मिकता स्थापित गर्न खोज्दा तिनीहरू परमेश्वरका धार्मिकताको अधीनमा रहेनन्। ४ किनभने विश्वास गर्ने धर्मी ठहरिओस् भनेर ख्रीष्ट नै व्यवस्थाको अन्त्य हुनुहुन्छ।"

पावलले लेखेका रोमीको पुस्तकमा अन्त लेखिएको झैं यस भनाईमा पनि धार्मिकताको सच्चा स्रोत कहाँ छ भनेर लेख्ने उनको लक्ष्य हो। धार्मिकता भनेको के हो अर्थात् परमेश्वरको सामु धर्मी वा ज्ञानी हुनु भनेको के हो भनेर परमेश्वरको व्यवस्था वा दश आज्ञाले पहल्याइदिन्छ। तर दश आज्ञाले धर्मी हुनु भनेको के हो भनेर औंल्याउँदैमा त्यसले मानिसहरूलाई धर्मी बनाउँदैन। त्यसकारण पावलले विरोधाभास मन्तव्य व्यक्त गरेर व्यवस्थाले केवल पवित्र जीवन जीउन देखाउँछ तर त्यसलाई पालन गर्दैमा हामी ज्ञानी वा पवित्र वा धर्मी हुन सक्दैनौं रे! विश्वका अरू जातिहरू वा गैरयहूदीहरूले दश आज्ञालाई पालन गरेर मुक्ति पाएको होइन। तर इस्राएलीहरूले दश आज्ञालाई विधिपूर्वक पालन गरेर धर्मी ठहरिनु खोज्दा धर्मी ठहरिएन रे! यहूदीहरू र धर्मी जीवनलाई  पावलले छुटयाउन खोजेको होइन। फैरि

त्यसै बखत गैरयहूदी वा अन्य जातिहरू पनि धर्मात्मा छन् भनेर उनले भनेको छैन नि! पापीलाई व्यवस्थाले धर्मात्मा बनाउन सक्दैन भनेर पावलले सरल तरिकाले भन्न खोजेको हो। चाहे यहूदी होस वा गैरयहूदी वा अन्य जातिहरू होस् व्यवस्थालाई मात्र अझरस वा विधिपूर्वक पालन गर्दा मानिसलाई धर्मी बनाउँदैन।

ज्ञानी हुन वा धर्मात्मा बन्न धेरै यहूदीहरू भित्री मनदेखि चाहना गर्दथे। तर तिनीहरूको त्यो चाहना वा धर्मी हुन खोज्ने बानीले तिनीहरूलाई असफल धर्मात्मा बनाएको थियो (रोमी १०:२ रूपान्तरित)। तिनीहरूले परमेश्वरको सेवा गर्ने अत्यन्त इच्छुक त थिए तर परमेश्वरको चाहना बमोजिम होइन आफ्नै तरिकाले। परमेश्वरको ज्योति वा व्यवस्थाको लक्ष्यलाई तिनीहरूले पकडे तर मुक्तिको स्रोत येशूसँग तिनीहरू अलमलमा परे। व्यवस्था असल छ तर मानिसलाई मुक्ति दिन त्यसलाई पालन गर्दैमा पाउने होइन। व्यवस्थाले मानिसलाई धर्मी बनाउनुको सट्टा उसको चरित्र कस्तो पापमय छ भनेर औंल्याउँछ। मानिस धर्मी वा ज्ञानी हुनु आवश्यक छ भनेर स्पष्ट रूपमा व्यवस्थाले औँल्याउँछ। त्यसैकारण "ख्रीष्ट व्यवस्थाको इतिश्री वा अन्त्य हो" भनेर पावलले वाख्या गर्दछन्। त्यसको अर्थ व्यवस्था वा दश आज्ञाको अन्त्य येशूले गर्नुभयो भनेको होइन। तर व्यवस्थाको उद्देष्य नै मानिसहरूलाई ख्रीष्टमाथि आस्था राख्न सिकाउनु हो। जब मानिसले दश आज्ञालाई आत्मसात् गर्न सक्छ तब त्यसले मानिसलाई ख्रीष्टतिर डोऱ्याउँछ। दुःखी पापीलाई राहत चाहिन्छ, मुक्ति चाहिन्छ भनेर व्यवस्थाले औँल्याउँछ। हामी होइन ख्रीष्ट नै हाम्रो धार्मिकता हुनुहुन्छ भनेर दश आज्ञा वा व्यवस्थाले हामीलाई सम्झाइरहन्छ (रोमी १०:४)।

**कतिपयले परमेश्वरको दश आज्ञालाई गम्भिररूपमा लिएर विधिपूर्वक पालन गर्दछन् र आफ्नो धर्मकर्मले गर्दा आफू धर्मी ठहरिएको सोच्दछन्। जब हामी परमेश्वरको गरिमामय व्यवस्थालाई शिरोपर गरेर चल्दछौं तब हामी पनि हामीहरू कति असल रहेछौं भन्ने सोचको त्यस चलाखी धरापमा नपर्न कसरी सजग हुने?**

## ५. अनुशासक वा मानिसलाई तह लगायने व्यक्ति (गलाती ३:१९-२४)

रोमी पुस्तकसँगै सहमत गर्दै गलातीको पुस्तकमा पनि पावलले भनिरहेको पाउँछौं कि दश व्यवस्था वा दश आज्ञाको उद्देष्य मानिसहरूलाई पाप के हो भनेर स्पष्ट रूपमा छर्लङ्ग पार्नु हो तर मानिसहरूलाई धर्मी वा पाप मोचन गराउनु होइन (गलाती ३:१९,२१)।

यथार्थमा दश आज्ञा वा परमेश्वरको व्यवस्था अर्थात् मानिसलाई दिइएको आदर्श चरित्रको आचारसंहिताको उद्देष्य के हो भनेर पाववले गलाती ३:२१-२९मा खुलासा गरेका छन्। त्यसमा दिएका उदाहरणहरूलाई तपाईंले के भन्नुहुन्छ? हेर्नुहोस् : " तब के व्यवस्था परमेश्वरका प्रतिज्ञाहरूका विरुद्ध छ र? कदापि छैन। यदि जीवित पार्न सक्ने व्यवस्था दिइएको भए, धार्मिकता साँच्चै व्यवस्थाबाट हुनेथियो। २२ तर धर्मशास्त्रले बताउँछ, कि सबै कुरा पापको कैदमा छ, ताकि जुन प्रतिज्ञा येशू ख्रीष्टमाथि विश्वासद्वारा दिइएको थियो, त्यो विश्वास गर्नेहरूलाई दिइओस्। २३ तर विश्वास आउन अघि हामी व्यवस्थाको वशमा थियौं, र विश्वास प्रकट नभएसम्म हामी थुनिएका थियौं। २४ विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो। २५ तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौं। २६ किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। २७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ। २९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।"

विषेश गरेर पद २४मा व्याख्या गरेको व्यवस्था के हो भनेर पावलले व्यक्त गरेको धारणालाई अनुवाद गर्दा विभिन्न तरिकाले गरेको पाइन्छ। ती अनुवादहरूमा व्यवस्था वा दश आज्ञालाई "पाठशालाको गुरू", "काम गराउने हाकिम", "पढाउने शिक्षक" र "संरक्षक वा अभिवावक" भनेर भावानुवाद गरेको पाइन्छ। फेरि ग्रीक वा युनानी भाषामा दास भन्दा पनि केही अरू अर्थ पनि लगाइन्छ। ग्रीक सभ्यतामा

धनी मानिसको छोरालाई अनुशासनमा राख्ने गुरूलाई पनि इङ्गित गर्दछ। त्यस बालक अनुशासनमा रहेर विद्या सिकोस् भन्ने जिम्मा शिक्षकलाई सुम्पेको हुन्थ्यो। त्यो शिक्षक दास वा फुक्का पनि हुनसक्थ्यो। तर धनीको छोरालाई तह लगाउन त्यसलाई अधिकार दिइएको थियो। कतिपय समयमा बालकलाई तह लगाउन त्यस शिक्षकले शारीरिक दण्ड पनि दिइन्थ्यो। तर जब त्यो बालक हुर्केर ठूलो हुन्छ र आफू अनुशासित बन्छ तब उसलाई अनुशासन गर्ने शिक्षक वा अभिभावकको अधिकारमा बस्नु पर्दैनथ्यो। त्यो शिक्षकले उसमाथि रजाइँ गर्न आवश्यक पनि थिएन।

**यदि दश आज्ञा वा व्यवस्था तपाईँको गुरू वा संरक्षक भएको छ तर तपाईँले ख्रीष्टद्वारा मुक्ति पाउनुभयो भने त्यो शिक्षक वा संरक्षकको उद्देष्य के हुन आउँछ?**

हुर्केको छोरामाथि शिक्षकको अधिकार हुँदैन। तर बालककालमा जे सिके वा विद्यार्थी जीवनमा जे सिके त्यसले त्यस छोराले यस्ता पाठहरू सिकेको अपेक्षा गरेको हुन्छ कि ऊ अनुशासित जीवन बिताओस् र उसले जे निर्णय गर्छ त्यो बुद्धिमानी पूर्वक गरोस्। त्यहि तरिकाले जो मानिस येशूभक्त हुँ भनेर दावी गर्छ त्यसले पनि दश आज्ञाको आदर्शलाई आत्मसात् गरेर आफ्ना आचरण वा चरित्रलाई ठीक नियन्त्रणमा राखोस्।

व्यवस्था शिक्षक भएको भूमिकाको अलावा व्यवस्था "विश्वास आस्था" (गलाती ३:२३) संरक्षक भएर विश्वासीहरूलाई सुरक्षा दिने रे रेखदेख गर्ने काम गर्दछ। यहाँ पनि व्यवस्था वा दश आज्ञाको इतिश्री वा अन्तिम लक्ष्य ख्रीष्ट हुनुहुन्छ हुनुहुन्छ भनेर पावलले भन्न खोजिरहेको पाउँछौं। हामीलाई व्यवस्था वा दश आज्ञाले गरेर नै येशूतिर ल्याइएको हो भनेर पावलले स्पष्टसँग भन्दछन्। त्यसको फलस्वरुप हामीहरूको धर्मकर्मले होइन तर ख्रीष्टबाट हामी धर्मी वा चोखो हुनपुग्छौं।

**गलाती ३:२१ फेरि ध्यानपूर्वक पढ्नुहोस्। हामीहरूले केवल व्यवस्थातिर आँखा लगाएर त्यसलाई विधिपूर्वक पालन गर्दा मोक्ष पाउँछ भन्ने धारणा सदाको निम्ति अन्त हुनुपर्छ भनेर त्यस पदले हामीलाई कसरी जिकिर गर्न खोजेको छ?**

## उपसंहारः

**थप जानकारीः** "परमेश्वरले दिनुभएको व्यवस्था वा दश आज्ञाले हामीहरूको पाप के हो भनेर देखाउँछ। अनि पापको महशूस गरेपछि हामीलाई ख्रीष्टको आवश्यकतालाई जानकारी वा आभास् दिन्दछ। अनि हामीलाई क्षमाको निम्ति उहाँकहाँ दगुऱ्याउँछ। हामी पापबाट पछुताव गरेको हुनाले परमेश्वर परमेश्वरसँग मेलमिलाप गर्न वा शान्ति हुन त्यसले अगुवाई गर्दछ। येशू ख्रीष्टलाई विश्वास गरेर पापबाट मोक्ष पाउने तिब्र चाहना हाम्रो छ भनेर औँल्याउन नै दश आज्ञाको मूल भूमिका हो।....

"दश आज्ञामा कोरेका आचारसंहिताहरूलाई हामीले सकारात्मकरूपमा सोच्नुपर्छ नकारात्मक मनस्थितिले होइन। परमेश्वरका वचनहरूलाई शिरोपर गर्दा येशूभक्तहरू खुशी हुन्छन् भनेर ग्यारेन्टी दिने तत्व नै दश आज्ञा हुन्। जब हामी येशूलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण गर्छौं तब हामी निश्चल जीवन बिताउन दश आज्ञाले सघाउँछ। जब येशूलाई केन्द्रविन्दु मानेर हामी दश आज्ञालाई आत्मसात् गर्छौं तब त्यसले हामीलाई चोखो वा सफा बनाउँछ। उहाँद्वारा नै त्यस दश आज्ञामार्फत हाम्रो चरित्रको निर्माण यस्तरी गराउनुहुन्छ कि त्यसले हामीलाई अनन्तसम्म आनन्दको प्रत्याभूति दिँदछ। जो येशूभक्त भनेर दावी गर्दछ, यदि त्यसले ती आज्ञाहरूलाई शिरोपर गर्दछ भने उसको निम्ति ती आज्ञाहरू सुरक्षा कवच हुन सक्छ। उसको वरिपरि ती आज्ञाहरू सुरक्षा दिने पर्खाल जस्तो भएर खडा हुनसक्छ। हामीप्रति परमेश्वरको उत्तम चाहना के हो ती आज्ञाहरूले देखाउँदछ। ती आज्ञाहरूले परमेश्वरको अपरिवर्तनिय धार्मिक नीतिहरूलाई औँल्याउँछन्। यदि मानिसहरूले त्यसलाई आत्मसात् गर्न सक्यो भने ती आज्ञाहरू तोडेर ल्याउने दुष्ट नतिजाहरूबाट सुरक्षित हुन परमेश्वरले प्रयत्न गर्नुहुनेछ।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, बुक १, पृ. २३४,२३५बाट रूपान्तरित।

## चिन्तनमननः

**अ.** मानिसहरू धर्मकर्म, नीतिकुतिहरू पालन गरेर होइन, परम्पराको नाउँमा तिर्थब्रत गरेर होइन तर अनुग्रहबाट मोक्ष

प्राप्त गर्न सकिन्छ भन्ने गलाती ३:२१लाई हामीहरूले कसरी आत्मसात् गर्ने? स्पष्ट रूपमा प्रस्तुत गरेको त्यस अनुग्रहको सुसमाचारलाई बुझ्न विश्वासीहरूको बीच छलफल गर्नुहोस्।

आ. परमेश्वरका छोराछोरी हौं भनेर दावी गर्नेहरूले इश्वरिय वा सदाचारको जीवन यापन गर्न अपेक्षा गरिएको छ। धेरै असल हित चाहने इसाईहरूले यो सिकाउँदछन् कि यदि हामीहरू स्वर्गमा पस्न चाहन्छौं भने हामी सिद्ध हुनुपर्दछ। दुर्भाग्यवश यस्तो धारणा राख्ने धेरै मानिसहरूले आफ्नै असल कामबाट मुक्ति पाउँछ भन्ने विश्वासमा पर्दछन्। तर मानिसको पापी चरित्र वा स्वभाव कुनै मनगढन्ते नभएर यथार्थ हो भन्ने कुरालाई बिर्सिदिएको जस्तो देख्छ। पूर्खौं पूर्खौंदेखि पापहरू मानिसहरूमा पाप सरिरहेको छ र दिनदिनै कुनै न कुनै प्रलोभन वा परिक्षा हामीहरू परिरहेका हुन्छौं। मुक्तिको निम्ति आफूले आफूलाई हेरेर आफ्ना कमजोरीप्रति कति मानिसहरू निराश तथा डिप्रेशनमा परिरहेको हामी पाउँछौं। “मुक्ति पाउन मैले के गरिरहेको छु। मैले गरिरहेको कामहरू सिद्ध छन् कि छैन।" भनेर आफ्नो मापदण्ड आफैलाई केन्द्रिभूत गर्दा कतिपय मानिसहरू असफल इसाई भएको महशूस गरिरहेको हुन्छ। फेर परमेश्वर जस्तो पवित्र हुन उहाँको दश आज्ञाहरूलाई अक्षरस पालन गर्नुपर्छ भन्ने मनस्थितिले कतिपयलाई पिरोली रहेको हुन्छ। हामी मध्ये को यस्तो छन् कि मैले परमेश्वरको आज्ञाहरूलाई अनवरतरूमा सिद्धरूपमा पालन गरेको छु भनेर दावी गर्नसक्छ? हामी त्यस्तो गलत विद्याबाट कसरी सजग हुने जसले ख्रीष्टको धार्मिकतातिर हेर्नेबाट अलमलिएर अरूहरूतिरै हेर्न प्रयास गर्छौं? हामीहरूको रीतिरिवाज, सुकर्म, धर्मकर्म आदिले होइन तर ख्रीष्टको धार्मिकताले हामीहरूको पाप ढाकिन्छ भन्ने बाइबलको विद्याबाट हामी कहिलै पनि बिचलित हुनुहुन्न।

इ. यथार्थमा परमेश्वरको दश आज्ञाको इतिश्री के हो त? मानव जीवनमा त्यसको लक्ष्य के हो त?